परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३४९ •२०७९ साल फागुन १५ सोमबार •(27 February - 2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## मिथिला मध्यमा परिक्रमा :
## आज कञ्चनवनमा होली महोत्सव



**बिबेक कुमार महतो, गौशाला ।**

मिथिला मध्यमा परिक्रमाका यात्रीहरुले सोमबार कञ्चनवनमा होरी महोत्सव मनाउने भएका छन् । परिक्रमाका यात्री ध्रुबकुण्डबाट कञ्चन वनमा आएपछि होरी महोत्सव मनाउने परम्परा रहिआएको छ । त्रेतायुगमा भगवान राम र माता सीताले कञ्चन वन पुगेरै होली मनाएको सन्दर्भमा प्रत्येक वर्ष परिक्रमाको सातौं दिन होली मनाउने गरिएको छ । आजैको दिन देखि होलीको सुरुवात भएको समेत मानिन्छ । आइतबार ध्रुबकुण्डमा मिथिला बिहारीको डोला तथा किशोरीजीको डोला सहित परिक्रमाका सहभागी यात्रीहरुलाई ध्रुवकुण्डमा स्थानीयवासीहरुले भव्य स्वागत गरेका छन् ।

यस अघि यात्रीहरु शनिबार महोत्तरीको मडै मा विश्राम गरेका थिए । गत सोमबार धनुषाको कचुरीको मिथिलाबिहारी मठबाट मिथिलाबिहारी तथा जनकपुरको अग्निकुण्डबाट किशोरीजीको डोलाको नेतृत्वमा सुरु भएको मिथिला मध्यमा परिक्रमाका यात्रुहरु हनुमान नगर, भारतको कल्याणेश्वर, फूलहर, गिरिजा स्थान हुँदै बिहिबार महोत्तरीको मटिहानी, जलेश्वर, मडै हुँदै आइतबार ध्रुबकुण्ड पुगेका थिए । सोमबार कञ्चनवनमा विशेष होली महोत्सव मनाउंदै विश्राम गरेर मंगलबार धनुषाको पर्वता, धनुषाधाम, सतोषर, औरहीमा र ाति विश्राम गरी पुनः भारतको विशौल, करुणा हुँदै पूर्णिमाको पूर्व सन्ध्यामा जनकपुरधाम आइपुगेर भो लिपल्ट अन्तरगृह परिक्रमा गरेपछि परिक्रमा विधिवत् रुपमा सम्पन्न हुनेछ । मिथिला परिक्रमामा सहभागीहरुले नेपालको १ सय ७ किलोमिटर र भारतको २६ किलो मिटर गरी १ सय ३३ किलोमिटर लामो बाटो तय गर्दै नेपालमा १० तथा भारतमा पाँच गरी १५ ठाउँमा रात्रीवास गरी बिहानै यात्रा प्रारम्भ गर्ने चलन रहेको छ । परिक्रमा यात्रामा नेपाल भारतका विभिन्न स्थानका हजारौं भक्तजनहरु घरबाटै भोजन र आवासको व्यवस्था सहित सहभागी हुने गरेका छन् । विभिन्न विश्रामस्थलमा परिक्रमा विश्राम गर्ने दिन स्थानीय मेलाको आयोजना हुने गरेको छ । मिथिला परिक्रमामा सहभागी भए मोक्षको प्राप्ति हुने जनविश्वास रहेको छ ।

## हरित अभियानका लागि विद्यार्थीको हस्ताक्षर

**विशाल बस्नेत, महोत्तरी ।**

गत शुक्रबार कुटुम्ब ब्याण्डको धुनमा बर्दिबासस्थित देउराली उच्च माध्यामिक विद्यालयका विद्यार्थीहरु छमछमी नाचिरहेका थिए । ब्याण्डका सदस्यहरुले गीतसहित बजाएका समधुर धुनहरुले स्थानीय अन्य दर्शकहरुलाई पनि नाच्न उत्तिकै उत्साहित गरिरहेको थियो । विद्यालयको बायाँतर्फ हस्तलिखित एउटा ब्यानरमा विद्यार्थीहरुको ठूलो भिड थियो । हातमा कलम लिएका विद्यार्थीहरुले उक्त ब्यानरमा पालैपिलो हस्ताक्षर गरिरहेको दृश्य देख्न सकिन्थ्यो । ब्यानरको माथि ठुलो अक्षरमा लेखिएको थियो- सफा हरियो र सुन्दर भविष्यको लागि हामी बालबालिकाहरु निरन्तर लाग्न प्रतिबद्ध छौं । यहि प्रतिबद्धता जनाउन चलाइएको हस्ताक्षर अभियानको लागि विद्यार्थीहरु हस्ताक्षर गरिरहेका थिए । जेनेरेसन होप नामक यो अभियानमा सेभ द चिल्ड्रेनले देउराली उच्च माध्यामिक विद्यालयजस्तै मधेश प्रदेशका २१ वटा विद्यालयमा यस्तै अभियान चलाइसकेको छ । संगीतको माध्यमबाट बालबालिकालाई सिकाउने र जेनेरेसन होप





अभियानअन्तर्गत हरित अभियानमा सहभागी गराउने उद्देश्य सेभ द चिल्ड्रेनको छ । यही उद्देश्यअन्तर्गत अभियान चलाएको १ वर्षमा नै बालबालिकाहरुले १ लाख बिरुवा रोपिसकेको कार्यक्रम संयोजक सुप्रिहा श्रेष्ठले जानकारी दिइन् । पछिल्लो समय जलवायु परिवर्तनको असर बढिरहेको बेला यसको न्यूनीकरणका लागि विभिन्न अभियान चलाइएको छ । फरक-फरक संस्थाहरुले जलवायु परिवर्तनले भविष्यमा पार्न सक्ने असरलाई मध्यनजर गर्दै विद्यालयमा मात्र हैन समुदायस्तरमा समेत सक्रियता देखाएका छन् । जागरणको सुरुवात विद्यालयका बालबालिकाबाट हुन्छ भन्ने महसुस गरि सेभ द चिल्ड्रेनले मात्र हैन बर्दिबासमा नै सामुदायिक विकास तथा पैरवी मञ्च र आड्रा नेपालले पनि निकै भुमिका निर्वाह गर्दै आएको छ । जलवायु परिवर्तनको लागि स्थानीय पहल (लिरिक परियोजना) ले त धनुषा र महोत्तरीका ६ वटा पालिकाहरुमा अतिरिक्त पाठयक्रमको नै सुरुवात गरेको छ । हप्ताको शुक्रवार पढाइ हुने उक्त पाठयक्रम महोत्तरीको बर्दिबास, गौशाला, भंगाहा, औरही नगर पालिका, धनुषाको मिथिला नगर पालिका र बट्टेस्वर गाउँपालिकामा पढाइ भइरहेको उक्त संस्थाका अध्यक्ष नागदेव यादवले जानकारी दिए ।






# पर्यटकको रोजाइमा गुप्तेश्वर गुफा

**ऋषिराम बराल, लेखनाथ।**
ऐतिहासिक, पुरातात्विक एवं धार्मिक महत्त्व बोकेको प्रमुख पर्यटकीय गन्तव्य मानिन्छ, पोखरा-१७ को छोरे पाटनस्थित गुप्तेश्वर महादेव गुफा । पोखरामा आउने जो-कोही विदेशी तथा स्वदेशी पर्यटक गुप्तेश्वर महादेश गुफा अवलोकन गर्न पुग्ने गर्छन् । पोखराका प्रमुख पर्यटकीय स्थलमध्ये गुप्तेश्वर महादेव गुफा, फेवाताल, पातलेछाँगो, पुम्दीको बुद्ध शान्ति स्तुप र शिव महादेवको मूर्ति एकै क्षेत्रतर्फ पर्ने र ती सबै पर्यटकीय गन्तव्य एकै दिन अवलोकन गर्न सकिने हुँदा त्यस क्षेत्रमा दैनिक स्वदेशी तथा विदेशी पर्यटकको बाक्लो उपस्थिति रहने गर्छ। जमीनबाट करिब १५० मिटर तल अवस्थित यस गुफाको पूर्वी भागबाट पातले छाँगोबाट खसेको झरना दृश्यावलोकन गर्न सकिन्छ । दक्षिण एसियाका सबैभन्दा ठूला गुफाहरूमा पर्ने यो गुफाभित्र मन्दिरहरू र ठूला खुला ठाउँ पनि रहेका छन् । गुफा अवलोकन गर्दै स्याङ्जाका कृष्ण क्षेत्रीले भन्नुभयो, 'प्राकृतिकरूपमा सुन्दर र गहिराइमा रहेको गुप्तेश्वर महादेव गुफा अवलोकन गर्दा अत्यन्त आनन्द आयो ।' पोखरा ताल र गुफैगुफाको शहरका रूपमा चिनिने गर्छ । कास्कीमा एक दर्जन ताल र एक दर्जन बढी गुफाहरू रहेको जानकारी भूर्गवविद् डा कृष्ण केसीले बताउनुभयो । कोरोनाको बेला केही महिना बन्द गर्नुपरेको गुफामा पछिल्ला वर्ष अवलोकन गर्ने पर्यटटको सङ्ख्या बढेको छ । गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद पौडेलले गुफा अवलोकनमा पछिल्लो वर्ष अवलोकनकर्ता बढेको र शनिबार र बिदाका दिन त भिड नै लाग्ने बताउनुभयो । गुफामा अत्याधुनिक बारकोड स्क्यानर गेट राखिएको छ। टिकटमा भएको बार कोड स्क्यान गरेपछि मात्र गेट खुल्ने भएकाले गुफामा दैनिक कति पर्यटक आए भन्ने विवरण लिन पनि सहज हुने भएको गुप्तेश्वर महादेव गुफा व्यवस्थापन कार्यालयका प्रमुख नारायण पौडेलले जानकारी दिनुभयो । कार्यालय प्रमुखले पौडेलले भन्नुभयो, 'कोरोना अगाडि आर्थिक वर्ष २०७४/०७७ मा टिकट बिक्रीबाट मात्र वार्षिक रु चार करोड ५२ लाख आम्दानी भएको थियो ।' कोरोनापछिको आर्थिक वर्ष २०७८/०७९ मा गुफा प्रवेशका लागि स्वदेशी तथा विदेशी पर्यटकबाट रु दुई करोड ९३ लाख ६५ हजार नौ सय २५ सङ्कलन भएको उहाँले जानकारी दिनुभयो । आर्थिक वर्ष २०७८/०७९ मा एक लाख १९ हजार सात सय ११ विदेशी पर्यटक, दुई लाख ५२ हजार आठ सय २२ स्वदेशी पर्यटक र ८२ हजार एक सय ७८ नेपाली विद्यार्थीले गुफा अवलोकन उहाँले बताउनुभयो । चालु आर्थिक वर्ष २०७९/०८० को सात महिना अर्थात माघ महिनासम्म गुफा अवलोकनका लागि विदेशी पर्यटक एक लाख १९ हजार चार सय ६४, नेपाली पर्यटक एक लाख ५१ हजार चार सय ८७ र नेपाली विद्यार्थी एक लाख छ हजार एक सय ९८ जना रहेका छन् । यसै आर्थिक वर्षको सात महिना अवधिका प्रवेश शुल्क बाट मात्र रु दुई करोड ३२ लाख ३७ हजार छ सय ८० जम्मा भइसकेको जानकारी उक्त कार्यालयले दिएको छ। गुफा अवलोकन गर्न प्रवेश शुल्क विदेशीलाई रु एक सय, नेपाली पर्यटकलाई रु ५० र विद्यार्थीलाई रु ३५ लिइँदै आइएको छ । गुप्तेश्वर महादेव गुफामा साँझ आरती सेवा समेत सञ्चालनमा ल्याइएको छ। विश्व शान्तिको कामनासहित पारिवारिक सुख शान्ति, पितृ उद्धार लगायतका विविध लक्ष्यका साथ आयोजना गरिने आरती सेवा प्रत्येक हप्ताको सोमबार साँझ एक घण्टा सञ्चालन गरिँदै आएको छ । तीन जना गुरुद्वारा शुद्ध गाईको घिउ, कपुर, ज्योतिलगायतका पूजा सामग्रीको माध्यमबाट गरिने आरती विशेषगरी शिव र विष्णु भगवान् तथा दुर्गादेवी मन्त्र वाचनद्वारा समर्पण गरिने गुफा व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद पौडेलले जानकारी दिनुभयो । विसं २०५१ देखि सञ्चालनमा आएको गुप्तेश्वर गुफामा वार्षिक पाँच लाखको हाराहारीमा आन्तरिक र बाह्य पर्यटकले टिकट काटेर अवलोकन गर्ने गरेको कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो । कोरोनाको अवधिमा भने त्यो सङ्ख्या घटेको थियो। गुप्तेश्वर गुफा व्यवस्थापन समितिले गुफाको आम्दानीबाट गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस र गुप्तेश्वर महादेव वेद विज्ञान पाठशाला सञ्चालन गर्दै आएको छ । क्याम्पस र पाठशाला सञ्चालनमा गुफा व्यवस्थापन समितिले वार्षिक रु एक करोडभन्दा बढी खर्च गर्ने गरेको छ ।




# चुरेकाछमा जङ्गली हात्तीको त्रास

**टक नेपाल, महोत्तरी।**
महोत्तरी, धनुषा र सिन्धुलीको साँध चुरे पहाड वारिपारि जङ्गली हात्तीको त्रास बढेको छ । वारिका महोत्तरी जिल्लाको बर्दिबास, धनुषाको मिथिला र पारिका सिन्धुली जिल्लाका कमलामाई र दुधौली नगर पालिका क्षेत्रका चुरेकाछका बस्तीमा जङ्गली हात्तीको त्रास छाएको हो । शनिबार बिहान झिसमिसेमा सिन्धुलीतर्फको रानीबास बस्तीमा जङ्गली हात्तीको आक्रमणमा एक जनाको मृत्यु भएपछि चुरेकाछका बस्तीमा त्रास छाएको छ। चुरेपारिको जोडिएकै बस्तीमा हात्तीको उपद्रो बढेपछि महोत्तरीका पर्साहीधाप, रजबास, कालापानी, धनुषाका तुलसी, विसम्भर, बाहुनमारा र लोहटासहितका बस्तीमा सर्वसाधारण कामविशेषले हिँडडुल गर्न पनि छाडेका छन् । 'ऊ त्यहीँ पारि मान्छे मार्‍यो, कसरी सुत्न सकिन्छ ?' बर्दिबास-३ रजबासका सामाजिक कार्यकर्ता रामबहादुर थापाले भन्नुभयो, 'जङ्गली हात्तीको त्रासले मान्छे घरबाट निस्कन छाडेका छन् ।' हात्तीको आक्रमणमा मान्छे मरेपछि हिजो शनिबार दिनभरि बर्दिबास-कटारी रुटमा कुनै सवारी साधन चलेनन् । बर्सेनि चुरेकाछका बस्तीमा जङ्गली हात्तीको उपद्रव हुँदै आएको छ । खेतबारीको बालीनाली माडेर नोक्सान गर्ने, पराल राखेका माच लडाउने, केराका थाम उखेल्ने र काठेघर लडाउनेसम्मका हात्तीको उपद्रव खेप्दै आइएको काछवासी बताउँछन् । कहिले एउटै र धेरैजसो तीनवटाको सङ्ख्यामा पछिल्लो एक दशकयता बर्सेनिजसो जङ्गली हात्तीको उपद्रो चुरे क्षेत्रमा हुँदै आएको छ । यसपालि पछिल्लो तीन-चार दिनयता एउटै हात्ती बस्ती पस्ने गरेको सर्वसाधारणले बताएका छन् । दिउँसभरि घना जङ्गलभित्र लुक्ने हात्ती मध्यरातपछि बस्ती पस्ने गरेको पाइएको छ । शनिबार पनि बिहान कुखुरा बास्ने बेलातिर हात्तीले रानीबासमा मान्छे मारेको हो । सर्वसाधारण त्रासमा भएका बेला डिभिजन वन कार्यालय सिन्धुलीले अहिले बस्ती पस्ने गरेको हात्तीलाई शनिबार लट्ठिने औषधि प्रयोग गरिएको जनाएको छ। बस्ती पसेको हात्तीले मिथिला नगरपालिकाको ढल्केवर माथिल्लो बस्तीमा तीन जनालाई पछारेर मारेको थियो ।

# सबै सहकारी खत्तम छन् भन्ने प्रचार गलत : मन्त्री राई

**टक नेपाल, जनकपुकरधाम।**
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री राजेन्द्रकुमार राईले सहकारीहरू सक्किए, खत्तम भए भन्ने हल्लाको पछि नलागी समस्याको समाधान गरेर सहकारीको प्रवर्द्धनमा लाग्नुपर्ने बताउनुभएको छ । आर्थिक मिडिया सञ्चालक सङ्घ (इमान)ले यहाँ आयोजना गरेको 'सहकारीको सङ्कट, कारण र समाधान' विषयक छलफल कार्यक्रममा मन्त्री राईले सबै सहकारी खत्तम छन् भन्ने प्रचार सत्य नभएको र गल्ती गर्ने केहीलाई नियमबमोजिम कारबाही गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, 'गाउँगाउँमा सहकारीले आर्थिक परिचालनका लागि राम्रो काम गरेका छन् । तिनीहरूलाई हामीले प्रोत्साहन गर्नुपर्छ । समस्या छन् भने समाधानका लागि पहल गर्नु पर्छ ।' मन्त्री राईले सरोकारवालाबाट प्राप्त हुने लिपिबद्ध सुझावका आधारमा आफूले मन्त्रीका रुपमा गर्नुपर्ने पहलमा हुनै कमी नहुने विश्वास दिलाउनुभयो । समस्या समाधानका नाममा आयोग र कार्यदल गठन गरेर अल्मल्याउने काम आफूबाट नहुने उहाँको भनाइ थियो ।



मन्त्रालयका सचिव डा दामोदर रेग्मीले सङ्कटग्रस्त र समस्यामूलक सहकारीका विषयमा अध्ययन भइरहेको उल्लेख गर्दै वचतकर्ता आत्तिनुपर्ने अवस्था नरहेको बताउनुभयो । नेपाल राष्ट्र बैंकका सञ्चालक डा चिन्तामणि शिवकोटीले नियमनका लागि स्थानीय तहबाट पनि प्रभावकारी भूमिका हुनुपर्ने बताउनुभयो। कार्यक्रममा राष्ट्रिय सहकारी महासङ्घका अध्यक्ष मीनराज कँडेल, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेतीलगायतले सहकारी क्षेत्रका समस्या समाधान गर्न सबैको सकारात्मक भूमिका भएमा सहकारीप्रतिको विश्वास पुनःजागृत हुने र सोका लागि सरकारले साथ दिनुपर्ने बताउनुभयो । मन्त्रालयका पूर्वसचिव गोपीनाथ मैनालीले सङ्कटग्रस्त सहकारीबारे समयमै अध्ययन र छानविन नभएमा वचतकर्ता मर्कामा पर्ने बताउनुभयो । इमानका अध्यक्ष रोयल आचार्यले अर्थतन्त्र सङ्कटमा पर्दा सञ्चार क्षेत्र पनि प्रभावित हुने भएकाले अर्थतन्त्रको अवस्थामा सुधार ल्याउन हरेक क्षेत्रबाट सकारात्मक योगदान आवश्यक रहेको बताउनुभयो । इमानका उपाध्यक्ष माधवप्रसाद तिवारीले मिडिया प्रतिपक्षी मात्रै होइन, उत्प्रेरक पनि हो भन्ने मान्यतालाई आत्मसात् गरेर आर्थिक समृद्धिका लागि बहस सञ्चालन गरिएको र आएका सुझाव सम्बन्धित निकायमा पेस गरिने बताउनुभयो ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ। | तुला | पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। |
| बृष | सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। | वृश्चिक | पहिलेको सफलताले हौसला जगाउनेछ र आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ। |
| मिथुन | प्रयत्न गर्दा बिहानै व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। | धनु | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। |
| कर्कट | नियमित काम गर्दै दिगो काम प्रारम्भ गर्न सकिनेछ। | मकर | बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ। |
| सिंह | आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। | कुम्भ | विभिन्न अवसर प्राप्त हुनुका साथै सफलताको यश प्राप्त गर्ने समय छ। |
| कन्या | शारीरिक कमजोरीले चिन्ता बढाउन सक्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला। | मीन | प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# रुस–युक्रेन युद्धको पाठ

रुसले युक्रेनविरुद्ध पूर्ण रूपमा आक्रमण गरेको एक वर्ष पूरा भए पनि युद्ध अन्त्यको सम्भावना तत्काल नदेखिनु दुःखद छ। दुवै देशबीच शान्तिवार्ताको छिटपुट प्रयास भएको देखिन्छ तर त्यो पार लाग्ने किसिमको छैन। यो एक वर्षसम्मको अवधिमा भएको क्षतिको अवस्था ज्यादै डरलाग्दो छ। मानवीय र भौतिक क्षतिको लेखाजोखा गर्न गाह्रो छ। विशेष गरी युक्रेनतर्फ धेरै मानवीय एवं भौतिक क्षति भएको छ। तर, रुसतर्फ पनि यस किसिमको क्षति नभएको होइन। दुवैतर्फ भएका क्षतिको अवस्था दुवै देशले सार्वजनिक गरेका छैनन् । यतिसम्म कि युद्धका कारण भएका मृत्युबारे आधिकारिक तथ्यांक दुवै देशले सार्वजनिक नगर्नुले पनि क्षति यकिन गर्न गाह्रो छ। तर बाहिर आएका समाचार/विवरणबाटै पनि युद्धले भयावह क्षति पुऱ्याएको अनुमान गर्न सकिन्छ। रुस-युक्रेन युद्धको अन्त्य छिट्टै हुने कुनै संकेत नदेखिनुले पनि यसले अझै ठूलो क्षति निम्त्याउने सम्भावना देखिन्छ। दुवै पक्ष अहिलेसम्म सम्झौता गर्ने पक्षमा छैनन्। यतिसम्म कि दुवै पक्ष युद्धलाई तत्कालै बिसाउने मनस्थितिमा समेत छैनन्। रुसी आक्रमणको एक वर्ष पुगेको दिन युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले जे अभिव्यक्ति दिए, त्यसले युक्रेन सम्झौता गर्ने पक्षमा देखिँदैन। जेलेन्स्कीले भनेका छन्, ‘गत फेब्रुअरी २४ मा हामी लाखौंले एक बाटो रोजेका थियौं। हामी भाग्नेछैनौं। बरु शत्रुसँग डटेर लड्नेछौं। प्रतिरोध र संघर्ष गर्नेछौं। यो एक वर्ष दुःख, पीडा, विश्वास र एकताको वर्ष थियो। यो अपराजेयताको वर्ष थियो। हामीलाई थाहा छ, यो वर्ष हाम्रो विजयको वर्ष हुनेछ।’ जेलेन्स्कीले आगामी वर्षलाई जे जसरी विजयको वर्ष हुने दाबी गरेका छन्, त्यसले पनि उनी सम्झौताको मनस्थितिमा नरहेको प्रस्टै देखिन्छ। त्यसमाथि पश्चिमा मुलुकहरूले उनलाई जेजस्तो साथ र सहयोगको आश्वासन दिइरहेका छन्, यो अवस्थामा उनी एक्लैले चाहेर पनि सम्झौता गर्नसक्ने अवस्था छैन। बरु, पश्चिमा देशहरूले युक्रेनलाई दिएको साथले उसको हौसला बढाइरहेको छ। यता रुसी राष्ट्रपति भ्लादिमिर पुटिन पनि सम्झौता गर्ने पक्षमा छैनन्। थोरै समयमा युक्रेनमाथि विजय हासिल गर्नसक्ने रुसको जुन अनुमान थियो, त्यो असफल भएसँगै युक्रेन युद्ध रुसका लागि प्रतिष्ठाको विषय बनेको छ। यो अवस्थामा रुस जस्तोसुकै जोखिम मोल्न तयार भएकाले पनि युद्धले अझै कठिन स्थिति सिर्जना हुने अनुमान गर्न सकिन्छ। युद्ध सुरु भएको एक वर्ष बितिसक्दा पनि युक्रेनको पूर्वी तथा पश्चिमी क्षेत्रमा भीषण लडाइँ जारी छ भने अमेरिका लगायत पश्चिमा राष्ट्रहरूले युक्रेनको पक्षमा थप सहयोग गर्ने प्रतिबद्धता र रुसविरुद्ध विभिन्न किसिमका थप प्रतिबन्ध घोषणा गरेका छन्। यसले पनि रुसलाई थप चिढ्याएको छ । रुस र युक्रेन दुवै देशले आफ्ना सैनिकको मृत्युका विषयमा आधिकारिक तथ्यांक सार्वजनिक नगरे पनि गत डिसेम्बरमा युक्रेनका राष्ट्रपतिका सल्लाहकारले कुल १३ हजार युक्रेनी सैनिकको मृत्यु भएको स्वीकार गरेका थिए। तर यो संख्या राष्ट्रपतिका सल्लाहकारले स्विकारेको भन्दा धेरै बढी छ। बेलायती सरकारको सहयोगमा तयार पारिएको एक अध्ययन प्रतिवेदनले यो युद्धमा परी ४० देखि ६० हजार रुसी सैनिकको मृत्यु भएको जनाएको छ। राष्ट्रसंघको तथ्यांकअनुसार युद्धका कारण ७ हजारभन्दा बढी युक्रेनी सर्वसाधारणको मृत्यु भएको छ भने १२ हजार घाइते भएका छन्। राष्ट्रसंघले हताहती र घाइतेको संख्या अझै धेरै हुनसक्ने आकलन गरेको छ। युरोपियन युनियनका जस्टिस कमिस्नरका अनुसार युद्ध सुरु भएयता ६५ हजारभन्दा बढी युद्ध अपराधका घटना घटेका छन् भने युद्धका कारण ८० लाख युक्रेनी आफ्नो देश छोडेर युरोपेली मुलुकका शरणार्थी बनेका छन्। अधिकांश शरणार्थी परिवारसँग छुट्टिन बाध्य भएका छन्। यसैगरी देशभित्रै आन्तरिक रूपमा विस्थापित भएकाको संख्या ५३ लाख छ। युद्ध सुरु भएयता युक्रेनलाई अमेरिकाले २९.८ अर्ब अमेरिकी डलर सैन्य सहयोग गरेको छ भने युरोपेली मुलुकहरूको सहयोग पनि उल्लेख्य रहेको छ। युक्रेन आक्रमणको निन्दा नगरेको भनेर आरोप लाग्दै आएको चीनले युद्ध रोक्न शान्तिवार्ताको आह्वान गरेको छ। आणविक हतियार प्रयोग नगर्न र सबै देशको सार्वभौमिकताको सम्मान गर्न तथा ‘शीतयुद्धको मानसिकता’ त्याग्न चीनले आग्रह गरेको छ। यो युद्धको विषयमा प्रस्ट दृष्टिकोण र अडान नलिएको आरोप खेप्दै आएको भारतले पनि युक्रेन युद्धको शान्तिपूर्ण समाधान खोजिनुपर्ने बताउँदै आएको छ। त्यसैका लागि संयुक्त राष्ट्रसंघको साधारणसभामा युक्रेन आक्रमणको निन्दा गर्ने प्रस्तावको मतदानमा अनुपस्थित भयो। विश्वका १४१ देशले प्रस्तावको समर्थन गरे पनि मतदानमा अनुपस्थित हुने ३२ राष्ट्रमध्ये भारत पनि एक रह्यो। यसरी युद्धको पक्ष विपक्षमा विश्व विभाजित भए पनि शान्ति वार्ताको विकल्प छैन। दुवै मुलुकले युद्धको बाटो छाडेर शान्तिमार्गमा आउनैपर्ने हुन्छ। यसमा जति ढिलाइ गऱ्यो, त्यति नै युद्धबाट हुने क्षति बढ्दै जाने हो। चाहे सानो मुलुक होस् वा शक्तिशाली राष्ट्र, युद्धले दुवै पक्षको क्षति गर्छ नै। अझ भूराजनीतिक हिसाबले महत्त्वपूर्ण मुलुक जतिसुकै सानो भए पनि त्यहाँ युद्धको सानो झिल्को मात्रै सल्कियो भने पनि शक्ति राष्ट्रहरूको स्वार्थले त्यसलाई जटिल बनाइदिन्छ। र, अन्ततः त्यस्ता मुलुकहरूको अवस्था तहसनहस नै पारिदिन्छ । अहिले युक्रेन युद्धमा भएको पनि त्यही हो। त्यसैले युक्रेन युद्धले भूराजनीतिक रूपमा महत्त्वपूर्ण स्थानमा रहेका मुलुकहरूलाई सन्तुलित परराष्ट्र नीति लिनुपर्ने सन्देश दिएको छ। यसका साथै साना मुलुकलाई हेप्ने र जतिसुकै बेला तिनको सार्वभौम सत्ता समाप्त पार्न सकिन्छ भन्ने ठूला मुलुकको दम्भलाई युक्रेनले गतिलो जवाफ दिएको छ । आधुनिक विश्वमा देशभक्तिको असली उदाहरण युक्रेनले प्रस्तुत गरेको छ ।

# नेपालीको प्रतिव्यक्ति आम्दानी बढ्दो, यो वर्ष १ लाख ८९ हजार पुग्ने

**टक नेपाल, काठमाडौं ।**




नेपालीको प्रतिव्यक्ति आम्दानी बर्सेनि बढ्दो छ । गत वर्ष १ हजार ३८१ डलर रहेको प्रतिव्यक्ति आम्दानी चालू वर्ष ५३ डलरले बढेर १ हजार ४३४ पुग्ने भएको छ । चालू आर्थिक वर्षमा १ हजार ४३४ डलर पुग्ने अनुमान राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको हो । यो भनेको अहिलेको डलरलाई (प्रतिडलर १३२ रुपैयाँ) आधार मान्दा नेपालीको प्रतिव्यक्ति आम्दानी १ लाख ८९ हजार २८८ रुपैयाँ हुनेछ । यसले नेपालीको आम्दानी बढ्दै गएको देखाउँछ । राजनीतिक अस्थिरता र आर्थिक गतिविधिमा मन्दी देखिए पनि नेपालीको कमाइ भने बर्सेनि बढेको छ । विगत चार वर्षको यथार्थ र आगामी चार वर्षको अनुमानित आम्दानीको तथ्यांकलाई हेर्ने हो भने प्रत्येक वर्ष आम्दानी बढेको देखिन्छ । प्रतिव्यक्ति आयलाई देशका नागरिकको औसत समृद्धिको मापकका रूपमा हेरिन्छ । यसलाई प्रायः अमेरिकी डलरमा मापन गरिन्छ । प्रतिव्यक्ति आयको गणना गर्न कुल राष्ट्रिय आयलाई कुल जनसंख्याले भाग गरिन्छ । अति कम विकासित मुलुकबाट विकासशील बन्न प्रतिव्यक्ति वार्षिक आम्दानी लगातार तीन आर्थिक वर्ष लक्ष्यभन्दा माथि पुग्नुपर्छ । नेपालीहरुको प्रतिव्यक्ति आम्दानी हरेक वर्ष बढिरहेको छ । यसअघि नै संयुक्त राष्ट्रसंघको महासभाले अतिकम विकसित मुलुकबाट विकासशीलमा स्तरोन्नति हुने प्रस्ताव पारित गरेर २०२६ देखि लागू हुने निर्णय गरिसकेको छ । एलडीसीबाट माथि उक्लन राष्ट्रिय प्रतिव्यक्ति आय १ हजार २२२ अमेरिकी डलरभन्दा माथि हुनुपर्ने, मानव सम्पत्ति सूचकाङ्क ६६ वा माथि हुनुपर्ने र आर्थिक जोखिम सूचकाङ्क ३२ वा कम हुनुपर्ने मापदण्डहरू तोकिएको थियो । यी तीनवटै सूचकांकमा नेपालले प्रगति गरेको छ । नेपालले संयुक्त राष्ट्रसंघको प्रावधानअनुसार प्रतिव्यक्ति आम्दानी पुऱ्याउन नसकेको भन्दै अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा उक्लिएको थिएन । मानव सम्पत्ति सूचकांकमा नेपाल ७१ अंकभन्दा माथि छ । आर्थिक जोखिम सूचकांकमा २८.४ अंकमा छ । यी दुई लक्ष्य लगातार तीन वर्ष पूरा भइसकेको छ । नेपालले यी दुई प्रावधान २०१८ मै पूरा गरेको थियो ।

**बजेटको सीमा १६ खर्ब ८८ अर्ब**

नेपालको प्रतिव्यक्ति आम्दानी आगामी तीन वर्षभित्र करिब २ हजार अमेरिकी डलर पुग्ने अनुमान योजना आयोगको छ । आगामी आर्थिक वर्ष १ हजार ५७२ डलर आम्दानीको लक्ष्य भेट्टाउन १६ खर्ब ८८ अर्बको सीमाभित्र रहेर बजेट बनाउन आयोगले भनेको छ । यही बजेटबाट ६ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य लिइएको छ । यता ब्याजको आधारदर पनि आगामी चार वर्षमा साढे ६ प्रतिशत हुने अनुमान गरिएको छ । सो बजेटको खर्च गर्ने स्रोत राजस्व परिचालन आगामी वर्ष १४ खर्ब ३ अर्ब हुने अनुमान गरिएको छ भने वैदेशिक सहायताबाट २ खर्ब १ अर्ब आउने प्रक्षेपण गरिएको छ । जसमा ऋणको अंश १ खर्ब ७६ अर्ब र अनुदानको अंश २५ अर्ब हुने अनुमान आयोगको छ । यस्तै आन्तरिक ऋण २ खर्ब ३ अर्ब उठाउने लक्ष्य छ ।

# तत्कालीन प्रधानन्यायाधीश जबराउपर महाभियोग प्रस्ताव टुंगोमा पुऱ्याउन माग

**टक नेपाल, वीरगञ्ज ।**

नेपाल बार एसोसिएसनको केन्द्रीय कार्यकारिणी परिषद्को ४८औं बैठक वीरगञ्जमा सम्पन्न भएको छ। बैठकले २३ बुँदे घोषणा पत्र जारी गरेको छ । शनिबार र आइतबार गरी दुई दिनसम्म चलेको बैठकले विभिन्न माग र निर्देशनसमेत घोषणापत्रमा उल्लेख गरेको छ । घोषणापत्र जारी गर्दै घोषण पत्र मस्यौदा समितिका संयोजक वरिष्ठ अधिवक्ता केशव काफ्लेले वाचन गरेका थिए । बैठकले जारी गरेको घोषणापत्रमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा उपरको महाभियोग प्रस्ताव तत्कालीन संसद्मा पेस भई विचाराधीन भएको हुँदा उक्त प्रस्तावलाई टुंगोमा पुऱ्याउन सम्बन्धित निकायसित माग गरेको छ । यसैगरी सत्यनिरुपण तथा मेलमिलाप एवं बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा रिक्त रहेको पदाधिकारी परिपूर्ति गरी सो आयोगबाट गरिएका सिफारिस यथाशीघ्र कार्यान्वयन गरी पीडितको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्दै यथोचित सम्बोधन गर्न बैठकले सरकारको ध्यानाकर्षण गराएको छ । नेपाल सरकारसँग भएका सम्झौता अनुरूप हालसम्म पनि बन्दी रहेका आस्थाका बन्दीहरूलाई तत्काल रिहा गर्न बैठकले सरकारसित माग गरेको छ । बैठकले सर्वोच्चलगायत अन्य अदालतमा रिक्त न्यायाधीशहरूको तत्काल नियुक्ति गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउन नेपाल बार एसोसिएसनलाई निर्देशनसमेत घोषणापत्रमार्फत दिएको छ । त्यसैगरी नेपाल सरकारले फौजदारी अभियोगमा सजाय पाएका व्यक्तिको मुद्दा फिर्ता, माफी, मिनाहा गर्ने गरी गरेका निर्णय राजनीतिक आस्था र पहुँचको आधारमा राजनीतिक शक्ति र पहुँचको दुरुपयोग भएको विषयमा बैठकले सरकारको गम्भीर ध्यानाकर्षणसमेत गराएको छ।



# हरेक घरमा एक सदस्य जसपाको अभियान



**टक नेपाल, काठमाडौं ।**
जनता समाजवादी पार्टी(जसपा)का अध्यक्ष उपेन्द्र यादवले प्रत्येक घरमा एकजना सदस्य बनाउने अभियानमा जुट्न अगुवा नेता, कार्यकर्ताहरुलाई निर्देशन दिएका छन् । धनुषाको निर्वाचन क्षेत्र नम्बर ३ र ४ मा शनिबार छुट्टाछुट्टै आयोजित क्षेत्रीय समन्वय बैठकमा पार्टीको सदस्यता वितरण र वडा कमिटीलाई प्रभावकारी बनाउन अध्यक्ष यादवले निर्देशन दिएका छन् । ‘ वडा कमिटी, पालिका कमिटी, प्रदेश र क्षेत्रीय कमिटी विघटन अथवा पुनर्गठन गरेर भए पनि संगठनलाई सशक्त बनाउनुपर्छ’ उनले भने, पक्ष र विपक्ष भन्दा पार्टीलाई बलियो बनाउन सबै एकजुट भएर लाग्नुपर्छ। अध्यक्ष यादवले संगठन सुदृढीकरण अभियानको क्रममा हरेक वडामा कम्तीमा युवा र महिला संगठन पनि बनाउनुपर्ने निर्देशन दिए । संगठन सुदृढीकरणका लागि केन्द्रीय सदस्य, प्रदेश र जिल्ला सदस्यसमेतको सहभागिता रहने निर्वाचन क्षेत्र नम्बर ४ को ५ वटै पालिकामा कार्यदल गठन गरिएको छ । कार्यदललाई फागुन महिना भित्र हरेक वडामा संगठन निर्माण गरिसक्नुपर्ने ‘डेडलाईन ’ निर्धारण गरिएको छ । आम निर्वाचनपछि संगठनको अवस्थाको समीक्षा गर्दै कार्यकर्ताहरुबाट कमीकमजोरी पत्ता लगाउने बैठकमा प्रयास गरिएको थियो । बैठकमा सहभागी कार्यकर्ताहरुले कमीकमजोरीको कारण र समाधानका उपाय बताएका थिए । बैठकमा प्रदेश अध्यक्ष रामबाबु यादव, प्रतिनिधि सभासदस्य दीपक कार्की, केन्द्रीय सदस्यहरु महाजन यादव, लालकिशोर साह, रामगोविन्द यादव , जिल्ला अध्यक्ष पशुपति यादवलगायतको सहभागिता रहेको थियो ।

# राष्ट्रपतिमा सर्वसम्मति भए राम्रो हुन्छ : प्रधानमन्त्री प्रचण्ड

**टक नेपाल, काठमाडौं ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले राष्ट्रपतिका लागि सर्वसम्मतिको प्रयास भइरहेको बताउनुभएको छ। गोरखाको बारपाक सुलिकोटमा आयोजित माओवादी जनयुद्धका प्रथम शहीद दिलबहादुर रम्तेलको स्मृति दिवस तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको समापन कार्यक्रममा बोल्दै उहाँले सर्वसम्मतिका लागि २५ गतेसम्म कोशिस गर्ने बताउनुभयो। “हाम्रो प्रयास छ कि २५ गतेसम्म जाँदा राष्ट्रपतिमा सर्वसम्मति भए धेरै राम्रो हुन्छ । त्यो प्रयास पनि हामी गरिराखेका छौं,” उहाँले भन्नुभयो, “नभए पनि नयाँ यात्रा, स्थायित्व र विकासका निम्ति अझ सहयोगी हुने मैले विश्वास लिएको छु।” निर्वाचन अघि गठबन्धन बनाएर होमिएका दल फेरि एकठाउँमा आइपुगेको उहाँले बताउनुभयो। यसले नयाँ राजनीतिक यात्राको सुरु भएको उहाँको भनाइ छ। “जुनजुन राजनीतिक दल मिलेर जनतामा भोट माग्न गएका थियौं। परिस्थिति नयाँ बन्यो म प्रधानमन्त्री भिन्न तरिकाले बनें,” उहाँले भन्नुभयो,“हिजो मात्र फेरि (शनिबार) राष्ट्रपतिको चुनावका सन्दर्भमा आउँदा आठ राजनीतिक दल एक ठाउँमा भएका छौं। नेकपा (एमाले)सँग पनि लगातार हाम्रो कुरा भइरहेको छ ।” आफ्नो बाँकी जीवन विकास समृद्धिका लागि खर्च गर्ने यसअघि नै घोषणा गरेको बताउनुहुँदै उहाँले सरकारलाई जनमुखी र प्रतिफलयुक्त बनाउने दाबी गर्नुभयो। देश आर्थिक समस्यामा रहेको भन्दै त्यसको सुधारका लागि सरकार लागिपरेको उहाँको भनाइ छ । नेकपा (माओवादीका केन्द्र)का अध्यक्षसमेत रहनुभएका उहाँले सरकारले जनयुद्ध र जनआन्दोलनका शहीदलाई सम्मान दिन लागेको बताउनुभयो। “मैले आज बिहान मात्र मुख्य सचिवलाई बोलाएर जनयुद्ध र जनआन्दोलनका सम्पूर्ण शहीदलाई राष्ट्रिय शहीदको रुपमा राजपत्रमा नाम प्रकाशित गर्ने सोच बनाएको छु,” उहाँले भन्नुभयो, “यो निर्णयले परिवर्तनका पक्षमा बलि दिनेहरुप्रति सम्मान हुनेछ।” नेपाली सेनाको हेलिकप्टरमार्फत आउनुभएका प्रधानमन्त्री प्रचण्डले शहीद परिवारलाई सम्मान गर्नुभएको थियो। उहाँले दिलबहादुर रम्तेलका बुबा सेते रम्तेल र आमा सरिमायाँ रम्तेललगायत माओवादी जनयुद्धमा ज्यान गुमाएकाको परिवार र आफन्तलाई दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो । प्रधानमन्त्री प्रचण्डले पालुङटारमा आयोजित एक कार्यक्रमलाई पनि सम्बोधन गर्नुभएको छ । कार्यक्रममा माओवादी केन्द्रका सचिव एवं प्रमुख सचेतक हितराज पाण्डे, बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्ट, उपाध्यक्ष सनमाया गुरुङ, पूर्व निर्वाचन आयुक्त दोलखबहादुर गुरुङलगायतले गोरखा दुईको विकासका लागि विशेष जोड दिन प्रधानमन्त्री प्रचण्डलाई आग्रह गर्नुभएको थियो । गोरखा २ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभएका उहाँले जिल्लाको विकासका लागि प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।



# धनुषाको प्रसिद्ध राजदेवी मन्दिरबाट सुनको मुकुटसहित मूर्ति चोरी



**टक नेपाल, जनकपुरधाम ।**
धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-१, रमदैयामा रहेको प्रसिद्ध राजदेवी मन्दिरमा शनिवार राति चोरी भएको छ । मन्दिरबाट राजदेवी भगवानको मूर्ति सुनको मुकुट र अन्य गरगहना गरी करिब छ लाख मूल्य बराबरको सामान चोरी भएको मन्दिरका पुजारी धिरज यादवले बताउनुभयो । उहाँले राति १२ बजे चोरी भएको जानकारी दिनुभयो । महेन्द्रनगर-जनकपुर सडकसँगै टाँसिएर रहेको ऐतिहासिक राजदेवी मन्दिर निकै प्रसिद्ध छ । ऐतिहासिक धार्मिक राजदेवी मन्दिरमा चोरी हुनुलाई स्थानीयवासीले गम्भीर रूपमा लिएका छन् । त्यहाँ रहेका साधुसन्त तथा स्थानीयवासीले तत्काल चोरलाई पक्राउ गरी कारबाही गर्न प्रहरीसँग माग गरेका छन् । ऐतिहासिक धार्मिक हनुमान मन्दिरमा चोरीलाई स्थानीयवासीले गम्भीर रूपमा लिएका छन् । त्यहाँ रहेका साधुसन्त तथा स्थानीयवासीले प्रहरीसँग तत्काल चोरलाई पक्राउ गरी कारबाही गर्न माग गरेका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले चोरी घटनासम्बन्धमा अनुसन्धान भइरहेको र अपराधी पक्राउ गर्न प्रहरी युनिट खोजतलासमा जुटेको बताउनुभयो ।

# महोत्तरीमा चक्कु प्रहार गरी आफ्नै काकाको हत्या गर्ने एक जना पक्राउ

**टक नेपाल, महोत्तरी ।**
चक्कु प्रहार गरी आफ्नै काकाको हत्या गरेका एक व्यक्तिलाई प्रहरीले आज पक्राउ गरेको छ । पक्राउ पर्नेमा महोत्तरी गाउँपालिका-३ मडैका ३० वर्षीय विजेन्द्र महरा छन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तोषकुमार पोखरेलका अनुसार गत आइतबार राति विजेन्द्रले ७० वर्षीय शिव महराको हत्या गरेका थिए । वृद्ध भत्ता माग्दा नदिएपछि उनको चक्कु प्रहार गरेर हत्या गरेको अनुसन्धानका क्रममा खुलेको छ । घटनालगत्तै विजेन्द्र फरार भएका थिए । लुकिछिपी बस्दै आएका उनलाई आइतबार राति पक्राउ गरिएको हो ।

“समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौ ।”

LIVER FUNCTION TEST
- Bilubine Total / Direct
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- STOOL R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETES PACKAGE
- URINE R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose /F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

“गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता”

शुभ स्वस्तिक हस्पिटल प्रा. लि.
बर्दिवास-१४, औरहीरोड सम्पर्क: ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स: ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुससा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, प्रवन्धक : बिनोद ढुंगेल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldally@gmail.com